नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई

# भूकम्पीय आवास पुनर्निर्माण आयोजना

ज्वागल, ललितपुर

प.सं.: २०७३/०७४
च.नं.: 300

मिति: २०७४/८/०८

श्री जिल्ला समन्वय समितिको कार्यालय,
(३१ जिल्लाका सबै)।
श्री भूकम्पीय आवास पुनर्निर्माण आयोजना,
जिल्ला आयोजना कार्यान्वयन इकाई।
(३१ जिल्लाका सबै)।
श्री नगर कार्यपालिकाको कार्यालय/गाउँ कार्यपालिकाको कार्यालय,
(भूकम्प प्रभावित ३१ जिल्लाका सबै)।

**विषयः गुनासो सुनुवाईबाट कायम भएका लाभग्राहीहरुको अनुदान संझौता तथा भूक्तानी सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सूचना व्यवस्थापन शाखाको प.सं.०७३।०७४ च.नं.११९ मिति २०७४।८।०६ को पत्र मार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको विभिन्न मितिमा बसेको बैठकले गरेको निर्णय अनुसार गुनासो सुनुवाईबाट हालसम्म कायम भएका लाभग्राहीहरुको संझौता गर्न र किस्ता भूक्तानीका लागि सम्बन्धित निकायहरुमा यस अघि भई कायम भएका लाभग्राहीहरुको संझौता गर्न र भूक्तानी सम्बन्धमा स्थानीयस्तरमा समस्या परेको बुझिन आएकोले तपसिल अनुसार गर्नु गराउनु हुन भनि लेखिआएको सोही बमोजिम गर्नु गराउनु हुन प्राप्त पत्र र संलग्न कागजातको छायाँप्रति यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

**तपसिल :**

**१.० अनुदान संझौता सम्बन्धमा :**

१.१ गुनासो सुनुवाईबाट कायम भएका लाभग्राहीहरुको पूर्ववत प्रक्रिया अनुसार तोकिएका वडा कार्यालयबाट संझौता गराउने।

१.२ गुनासो सुनुवाईबाट लाभग्राही कायम गर्दा प्राविधिक त्रुटीले गर्दा एउटै गुनासोकर्ता व्यक्ति एक भन्दा बढी संझौता क्रम सँख्यामा रहेको पाईएमा निजलाई एउटा संझौता क्रम सँख्याबाट मात्र संझौता गर्न लगाउने।

१.३ गुनासो सुनुवाईबाट दुई प्रकारका बहुस्वामित्व र प्रवल लाभग्राही कायम भएको सन्दर्भमा तपसिल अनुसार संझौता गर्ने गराउने।

- प्रवलिकरण लाभग्राही सम्बन्धमा :

  क) घरधनीको नाममा संझौता गर्ने। घरधनी स्वयँले संझौता गर्न नसक्ने भएमा निजको मंजुरीनामा लिई अधिकार प्राप्त व्यक्तिले साविकको प्रक्रिया अनुसार संझौता गर्ने।

  ख) घरभनीले गुनासो नगरेको अवस्थामा कसैलाई पनि सम्झौता नगराउने।

- बहुस्वामित्व लाभग्राहीको सम्बन्धमा :

  क) घरधनीको नाममा सम्झौता भएको नभएको यकिन गर्ने।

  क) घरधनीको नाममा सम्झौता नभएको भएमा घरधनीसँग सम्झौता गर्ने।

ग) यदि उल्लेखित घरधनीको नाममा सम्झौता भईसकेको भएमा गुनासोकर्तासँग आवश्यक कागजपत्रहरु ( पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४) पेश गर्न लगाई अनुदान सम्झौता गर्ने ।

**२.० किस्ता रकम भुक्तानी सम्बन्धमा :**

केन्द्रबाट स्थानीय स्तरमा कसको नाममा अनुदान सम्झौता गरिएको भन्ने स्पष्ट हुन समय लाग्ने भएकोले गुनासोकर्ता र घरधनी दवैको LMBIS मा प्रविष्टी गरि पठाईएकाले भुक्तानी दिंदा निम्नानुसार गर्नु हुन :

२.१ को.ले.नि.का बाट चेक जारी गर्दा जिल्ला समन्वय समितिबाट सिफारिश भई आएको LMBIS मा नाम भएको व्यक्तिको नाममा मात्र जारी गर्ने ।

२.२ तोकिएका बैंकहरुले किस्ता रकम भुक्तानी गर्दा को.ले.नि.का बाट चेक जारी भएको व्यक्तिको नाममा बैंक खाता खोली आवश्यक प्रक्रिया पुरा गरी सम्बन्धित व्यक्तिलाई भुक्तानी दिने ।

२.३ तोकिएका बैंकहरुमा पठाईएको नाममा LMBIS मा भएका दुवैको नाममा एउटै डमी खाता खोल्ने र अनुदान सम्झौता पश्चात सम्झौता पत्रमा उल्लेखित व्यक्तिको नाममा बैंक खाता संचालन गर्ने र निजको नाममा कारोवार गर्ने । LMBIS मा भएको अर्को व्यक्तिको नाममा कारोवार नगर्ने ।

..................

(नारायण प्रसाद श्रेष्ठ)
आयोजना उप-निर्देशक

**बोधार्थ:**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं । - तहाँ मन्त्रालयको Website मा upload गरिदिनुहुन ।

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सूचना व्यवस्थापन शाखा,
सिंहदरबार, काठमाण्डौं ।